# विश्वविद्यालयमा स्नातक तहमा अध्ययनरत विद्यार्थीलाई इन्टर्नसीप अध्ययनको कार्यशर्त (Terms of Reference)

**पृष्ठभूमीः**

चालु आ.व. २०८०।८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार विश्व विद्यालयमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुलाई वैदेशिक रोजगारीको विषयमा जानकारी गराई वैदिशक रोजगारीमा गएका नेपाली श्रमिकहरुको कल्याणकारी कार्य सम्पादनलाई प्रभावकारी बनाउन छलफल र सहभागिताको माध्यमबाट पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यका साथ यो इन्टर्नसीप कार्यक्रम संचालन गरिएको हो । यस कार्यक्रममा १२ जना विद्यार्थीहरु सहभागी हुने छन् । इन्टर्नसीप कार्यक्रमका लागि छनौट भएका विद्यार्थीहरुले यस सचिवालय वा सचिवालयले खटाएको वैदेशिक रोजगार सम्बन्धी कार्य गर्ने निकायमा रही कार्य गर्नु पर्नेछ ।

**इन्टर्नसीपको उद्देश्यः**

१. इन्टर्नसीपमा आवद्ध स्नातक वा सो सरह अध्ययनरत विद्यार्थीहरुलाई सुरक्षित वैदेशिक रोजगारका विविध विषयमा जानकारी गराउने,

२. बोर्डको सचिवालयबाट भैरहेको कल्याणकारी लगायत श्रमिकसँग सम्बन्धित अन्य विविध कार्यहरु प्रत्यक्ष रुपमा संलग्न गराई कार्यानुभवको अवशर उपलव्ध गराउने,

३. सचिवालयको दैनिक कार्य सम्पादनमा सहजता ल्याउने,

४. सचिवालयको सेवाप्रवाहलाई थप प्रभावकारी बनाउन सुझाव तथा पृष्ठपोषण सहितको प्रतिवेदन प्राप्त गर्ने,

**इन्टर्नसीपको सीमाः**

१. बोर्डको स्वीकृत बार्षिक कार्यक्रम अनुरुप इन्टर्नसीप कार्यक्रम सञ्चालन हुनेछ ।

२. सहभागी हुने विद्यार्थी संख्या र काम गर्ने समय सचिवालयको आवश्यकता अनुसार हुनेछ ।

३. तोकिएको समयावधी समाप्त भएपछि पुनः इन्टर्नसीपको अवधि थप हुने छैन । एक पटक इन्टर्नसीप कार्यक्रममा छनौट भएका विद्यार्थीले पुनः आवेदन गर्न पाउने छैनन् ।

४. इन्टर्नसीप प्राप्त गर्ने विद्यार्थीहरुले इन्टर्नसीप अवधिभर बोर्डको सचिवालयमा रहेका जिम्मेवार अधिकारीको मातहतमा रहेर कार्य सम्पादन गर्नु पर्नेछ । तोकिएको अवधि समाप्त भए पश्चात सहभागि विद्यार्थीहरुले प्रतिवेदन बुझाउनु पर्नेछ ।

५. इन्टर्नसीप गर्ने सहभागीहरुलाई प्रति व्यक्ति खाजा, यातायात तथा पाकेट खर्च वापत मासिक रुपमा निश्चित रकम सचिवालयले तोके बमोजिम हुनेछ र अन्य थप सुविधा उपलव्ध गराईने छैन ।

**इन्टनर्नसीप प्राप्त गर्न आवश्यक न्यूनतम योग्यता**

१. नेपाली नागरिक,

२. नेपालस्थित विभिन्न विश्वबिद्यालय वा अन्तर्गतका आङ्गिक अथवा सम्बन्धन प्राप्त शैक्षिक संस्थामा शिक्षा, कानून, मानविकी तथा ब्यबस्थापन संकायतर्फ स्नातक तहमा तेस्रो वर्ष वा पाँचौ सेमेस्टर वा सोभन्दा माथि अध्ययनरत रहेको हुनु पर्ने,

३. २५ वर्ष उमेर ननाघेको हुनु पर्ने,

४. कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान (नेपाली र अंग्रेजी भाषामा कम्प्यूटर टाईपिङ्ग, ईमेल/ईन्टरनेट, MS-Word, Excel, Power point) भएको हुनु पर्नेछ,

५. श्रम स्वीकृतीलिई वैदेशिक रोजगारमा गएका, वैदेशिक रोजगारको क्रममा मृत्यु वा अंगभंग भएका श्रमिकको छोरा छोरीलाई विशेष प्राथमिकता दिईने,

६. सरकारी तथा सामुदायिक विद्यालयबाट १०+२ वा सो सरह उत्तीर्ण विद्यार्थीलाई प्राथमिकता दिईने।

**इन्टर्नसीपमा सहभागी हुने प्रक्रियाः**

१. इन्टर्नसीपको लागि वैदेशिक रोजगार बोर्डको सचिवालयले आवेदनको समयावधि तोकि राष्ट्रियस्तरको दैनिक पत्रिका र सचिवालयको website मा सूचना प्रकाशन गर्नेछ ।

२. तोकिएको म्यादभित्र अनुसूची १ बमोजिमको ढाँचामा उल्लेखित कागजात सहित सचिवालयमा निवेदन दिनु पर्नेछ ।

३. प्राप्त निवेदनहरु मध्ये मापदण्ड बमोजिमको प्रकृया पुरा भएका विद्यार्थीहरुको नामावली प्रयोगात्मक परिक्षा प्रयोजनका लागि सचिवालयको वेवसाईटमा प्रकाशन गर्नेछ ।

४. प्रयोगात्मक परिक्षा (कम्प्युटर सीप परिक्षण) बाट सफल भएका विद्यार्थीहरुको संक्षिप्त सूची तयार गरी वर्णानुक्रमानुसार अन्तरवार्ताको लागि छनौट गरिनेछ । निवेदनको संख्या र आवश्यकता अनुसार संक्षिप्त सूचीमा रहने विद्यार्थीको संख्या सचिवालयबाट गठित छनौट समितिले निर्धारण गरे अनुसार हुनेछ ।

५. इन्टर्नसीप मूल्याङ्कनको छनौट प्रकृयामा सबैभन्दा उच्च अंक प्राप्त गर्नेहरु मध्येबाट योग्यता क्रमानुसार तोकिएको संख्यामा विद्यार्थी छनौट गरी सचिवालयले इन्टर्नसीप कार्यक्रममा सहभागी गराउनेछ ।

**इन्टर्नसीपका लागि आवश्यक कागजातहरुः-**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

२. प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरेको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी,

३. स्नातक तह वा सो सरहमा अध्ययन गर्दै गरेको विद्यार्थीले सम्बन्धित शैक्षिक संस्थाबाट अनुसूची-२ बमोजिमको सिफारिस पत्र,

४. कम्प्यूटर सम्बन्धी आधारभूत तालिम लिएको प्रमाणपत्र,
५. सरकारी वा सामुदायिक विद्यालयबाट १०+२ उत्तीर्ण गरेका विद्यार्थीले सो व्यहोरा खुलेको सिफारिस पत्र,
६. श्रम स्वीकृती लिई वैदेशिक रोजगारमा गएका श्रमिक र वैदेशिक रोजगारको क्रममा मृत्यु वा अंगभंग भएका श्रमिकका छोराछोरीको हकमा बाबु/आमाको राहदानीको फोटोकपी र नाता प्रमाणित प्रमाणपत्रको निस्सा ।

**<u>इन्टर्नसीप मूल्याङ्कनको आधारः</u>**

इन्टर्नसीपका लागि प्राप्त निवेदनहरुबाट संक्षिप्त सूची तयार गरी सो को आधारमा सहभागीहरुको छनौट गरिनेछ । छनौटका आधार देहाय बमोजिम हुने छन्

| | | |
|---|---|---|
| १. | न्यूनतम शैक्षिक योग्यताको हकमा अधिकतम | - ६०अङ्क |
| २. | सरकारी वा सामुदायिक विद्यालयबाट १०+२ वा सो सरह उत्तीर्ण गरेका विद्यार्थीलाई | - ५ अङ्क |
| ३. | श्रम स्वीकृती लिई वैदेशिक रोजगारमा गएका र वैदेशिक रोजगारको क्रममा अंगभंग वा मृत्यु भएका श्रमिकका छोरा छोरीलाई अधिकतम | - ५ अङ्क |
| ४. | प्रयोगात्मक परीक्षा अधिकतम | - १५ अङ्क |
| ५. | अन्तरवार्ता अधिकतम | - १५अङ्क |

**<u>विविधः</u>**

१. इन्टर्नसीपको अवधि २०८१ असार मसान्तसम्मको हुनेछ ।
२. इन्टर्नसीप व्यवस्थापन समिति मार्फत कार्य सम्पादन हुनेछ ।
३. इन्टर्नसीप कार्यक्रम संचालन गर्ने वा नगर्ने सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार बोर्ड सचिवालयमा रहनेछ ।
४. इन्टर्नसीप कार्यक्रममा छनौट गर्दा कम्तीमा ५० प्रतिशत छात्रा छनौट हुने गरी छनौट गरिनेछ ।
५. एउटै शैक्षिक संस्थाबाट २ जनाभन्दा बढी विद्यार्थी छनौट गरिने छैन ।
६. आवश्यक संख्यामा विद्यार्थी छनौट हुन नसकेको अवस्थामा र योग्य विद्यार्थी उपलव्ध नभएको अवस्थामा इन्टर्नसीप व्यवस्थापन समितिले आवश्यक निर्णय गरी विद्यार्थी छनौट गर्न सक्नेछ ।
७. इन्टर्नसीप व्यवस्थापन समितिले सिफारिस गरेका विद्यार्थीलाई सचिवालयले करार सम्झौता गर्नेछ ।
८. सचिवालयको गोप्य सूचना सार्वजनिक गरेमा वा बिना सूचना लगातार १५ दिनसम्म कार्यालयमा अनुपस्थित भएमा वा सचिवालयको हित विपरित कुनै काम गरेको प्रमाणित भएमा त्यस्तो विद्यार्थीसँग गरेको सम्झौता जुनसुकै वखत भंग गर्न सकिनेछ ।
९. सम्झौता भई कार्य प्रारम्भ भएको मितिले ६ महिनाभित्र कुनै विद्यार्थीको सम्झौता भङ्ग भएमा वा कुनै कारणबाट रिक्त हुन गएमा बाँकी अवधिको लागि वैकल्पिक योग्यता क्रममा रहेका विद्यार्थीहरु मध्येबाट उक्त कार्यक्रममा सहभागी गराउन सकिने छ ।

**अनुसूची-१**
**(इन्टर्नसीपको लागि निवेदनको ढाँचा)**

श्रीमान कार्यकारी प्रमुखज्यू मितीः- ..............................
बैदेशिक रोजगार बोर्डको सचिवालय
बबरमहा,काठमाण्डौ. ।

बिषयः- <u>इन्टर्नसीप सम्बन्धमा</u> ।

महोदय,

उपरोक्त सम्बन्धमा मैले .........................बाट सम्बन्धन प्राप्त श्री .............................. विद्यालय/क्याम्पसबाट ....................संकायको ................... बिषयमा ............... प्रतिशत अंक ल्याई शैक्षिक बर्ष .................मा १०+२ परीक्षा उत्तिर्ण गरी ........................................ संकायमा स्नातक तह ............बर्षमा अध्ययनरत छु । तहाँ बाट मिती ......................... को गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार इन्टर्नसीपमा सहभागि हुन इच्छुक भएको हुँदा आवश्यक कागजातहरु यसै साथ संलग्न गरी यो निवेदन पेश गरेको छु ।

**संलग्न कागजातहरु**

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
ख) प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरेको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी,
ग) स्नातक तहमा अध्ययनरत रहेको क्याम्पसको सिफारिस पत्र
घ) कम्प्यूटर सम्बन्धि आधारभूत (Word, Excel , Email, Power Point) तालिम लिएको प्रमाणपत्र ,
ङ) पासपोर्ट साइजको फोटो सहितको ब्यक्तिगत बिबरण ( वायोडाटा)
च) अन्य आवश्यक कागजातहरु

निबेदक
सहीः-
नाम थरः-
ठेगानाः-
इमेलः-
मोबाईल नं.
अध्ययनरत कलेजको नाम र फोन नं-

# अनुसूची-२

(स्नातक तह अध्ययनरत भएको सम्बन्धित क्याम्पसको सिफारिस ढाँचा )

मितीः-

श्री कार्यकारी निर्देशक ज्यू

बैदेशिक रोजगार बोर्डको सचिवालय,

बबरमहल काठमाण्डौं ।

विषयः- सिफारीश सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा......................................... बिश्वबिद्यालयको आङ्गिक / सम्बन्धन प्राप्त यस कलेजबाट .................संकाय तर्फ ............................ बिषयमा स्नातक तह ..................  बर्षमा (शैक्षिक बर्ष .......................मा) छात्र / छात्रा श्री  ......................... अध्ययनरत रहेकोले तहाँबाट प्राप्त हुने इन्टर्नसीपमा सहभागि हुने अवसरको लागि सिफारिसका साथ अनुरोध गरिन्छ ।

प्रमुख / प्राचार्य

हस्ताक्षर

नाम थर

क्याम्पसको छाप